नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई.पि.एस कोरिया शाखा, रबार्को, ललितपुर

मिति:- २०८१/०४/०९

# CBT को आवेदन फाराम भर्दा आएको समस्याको बारेमा सूचना।

**CBT** को आवेदकहरूले **https://eoers.epsnepal.gov.np** मा गई फाराम भर्दा विभिन्न समस्या आएको यस ई.पि.एस.कोरिया शाखालाई जानकारी प्राप्त भएको छ । उक्त समस्या समाधानका लागि निम्न प्रक्रिया अपनाउन हुन अनुरोध छ ।

१. सर्वप्रथम **https://eoers.epsnepal.gov.np** मा गई **Create New Account** गर्नुहोला। **Account** बनाउदा सूचीमा भएको राहदानी नम्बर प्रयोग गर्नु होला । तर, लगइन गरिसकेपछि पासपोर्टको विवरण भर्नु पर्दा हाल प्रयोग गरेको पासपोर्टको विवरण हाल्नु पर्ने हुन्छ ।

**Create New Account** गर्दा तल देखाए अनुसार समस्या आएमा, सो समस्याको कारण तपाईको **Account** बनिसकेको छ र तपाईले लगइन मात्रै गर्नु पर्ने हुन्छ ।




२. लगइन गर्दा माथी राहदानी नम्बर र तल पास्वर्ड राख्नु होला । *(पास्वर्ड र पासपोर्टमा नझुकिनु होला )*



३. लगइन गरेपछि **Apply** गर्नुहोस् । **Apply** गर्न नमिलेको खण्डमा तल देखाइएको तस्विर अनुसारको समस्या आउन सक्छ, यदि त्यस्तो समस्या आएमा तीन वटा कुरामा ध्यान दिनु होला ।




क) आफ्नो फोन नम्बर **VERIFY** गर्नु होला ।

ख) आफ्नो जन्ममिति चेक गर्नु होला, जन्ममिति गलत भरेमा कार्यालयमा सम्पर्क गर्नु होला ।

ग) तालिकामा नाम छ कि छैन भनेर चेक गर्नु होला, नाम जुध्न सक्छ राहदानी नम्बरबाट रूजु गर्नु होला ।

*" कोरियन भाषा परीक्षा उत्तीर्ण गर्नु कोरियामा रोजगार आवेदन दिन योग्य भई रोजगार अनुमति प्रणाली अन्तर्गत रोजगार प्रकृयामा सामेल हुनको लागि रोष्टरमा सुचिकृत हुनु हो तर, कोरियामा रोजगार पाइने शतप्रतिशत सूनिश्चितता भने होइन। "*

धन्यवाद ।

०८१/०४/०९

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
नेपाल सरकार
वैदेशिक रोजगार विभाग
ई.पि.एस. शाखा